# मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रामनगर,मिर्चैया,सिरहा
## मधेश प्रदेश

**मिति २०७४ साल चैत्र ३० गते बसेको नबौ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७४ साल चैत्र ३० गते शुक्रबारका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री  निलम कुमारी हाथि  -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री राजेन्द्र प्रसाद पौडेल  -सचिब

**प्रस्ताव न.१ मिचैया न. पा. को घ बर्ग निर्माण व्यवशायको व्यवस्थापन र नियमन गर्न बनेको निर्देशिका,२०७४ सम्बन्धमा ।**

निर्णय

मिचैया नगरपालिकाको निर्माण "घ" बर्ग को निर्माण व्यवशायको व्यवस्थापन र नियमन गर्न बनेको निर्देशिका, २०७४ लाई सर्वसम्मतवाट पारित गरी लागु गर्ने गरियो।

**प्रस्ताव न. २ वातावरण मैत्री झोला निर्माण गर्ने तालीम संचालन सम्बन्धमा ।**

निर्णय

प्रत्येक वडाबाट ४-४ जना महिलालाई तालीममा सहभागि गराई वातावरण मैत्री भोला निर्माण गर्ने तालीम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ३. सडक मापदण्ड (MTMP) र भवन मापदण्ड (Building by Laws) सम्बन्धमा ।**

निर्णय

परामर्श सेवावाट र सम्बन्धित निकायहरुसंग समन्वय गरी सडक मापदण्ड (MTMP) र भवन मापदण्ड यस मिचैया नगरपालिकाको लागि तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताव न.४-५० लाख भन्दा ठूला योजना तथा विशेष डिजाईन आवश्यक भएका भौतिक पूर्वाधारका योजनाहरु सम्वन्धमा ।**

निर्णय

५० लाख भन्दा ठूला भौतिक पूर्वाधार विकासका योजनाहरु तथा जटिल संरचना भएका भौतिक पूर्वाधारका योजनाहरुलाई परामर्श सेवा द्वारा DPR तयार गरि कार्य गर्ने निर्णय गरियो।

**प्रस्ताव न. ५. गत आ.व. २०७३/०७४ को ठूला पूर्वाधार बिकास योजना ,पक्की नाला निर्माण कार्य (मटियर्वा खानेपानी सडक खण्डमा) सम्बन्धमा ।**

निर्णय

गत आ.ब. २०७३ को ठुला पूर्वाधार विकासका योजनाको ठेक्का न. ०७-२०७३/०७४ को पक्की नाला निर्माण कार्य (मटियर्वा-खानेपानी सडक खण्ड)को योजनागत आ.व.को परिषदवाट सडकको मापदण्ड ६० फिट कायम गरि/गराउने भनेकोले उक्त कार्यमा सडक मापदण्ड विवादले गर्दा शुरुवात हुन नसकेको तर यस आ. व. को प्रथम नगर सभावाट उक्त योजनालाई मिर्चैया नगरपालिकाको थाना चौक देखि मिर्चैया नगरपालिका सडक खण्ड हुँदै वतहा खोलासम्म जाने बाटो ६० फिट सडक मापदण्ड कायम भएको सडक खण्डमा ५० फिट (सडक विच केन्द्रवाट २५-२५ फिट) दायाँबायाँ दुवैपट्टी पक्की नाला निर्माण गर्ने निर्णय भएकोले सोही अनुसार रिभाइज स्टीमेट (Revisestimate) गरि ठेक्का लागेको निर्माण व्यवसायीसँगै कार्य गराउने निर्णय गरियो।

**प्रस्ताव न. ६.गत आ.व. २०७३/०७४ को ठूला पूर्वाधार विकासका योजना सडक कालोपत्रे कार्य (मटियर्वा-खानेपानी सडक खण्ड) सम्वन्धमा ।**

निर्णय

गत आ.व.२०७३/०७४ को ठूला पूर्वाधार विकासका योजनाको ठेक्का न. ०८-०७३/०७४ को सडक कालोपत्रे गर्ने कार्य मटियर्बा खानेपानी सडकखण्डको योजना गत आ. व. को परिषदवाट सडकको मापदण्ड ६० फिट कायम गरि गराउने भनेकोले उक्त कार्य सडक मापदण्ड विवादले गर्दा शुरुवात हुन नसकेको तर यस चालु आ.व को प्रथम नगरसभावाट उक्त योजनालाई सोही सडक खण्डमा ४ मिटर चौडाई भएको कालो पत्रे सडक निर्माण गर्ने निर्णय भएकोले सोही अनुसार Revise Estimate गरी ठेक्का लगाइएको निर्माण व्यवसायी संग नै कार्य गराउने निर्णय गरियो। साथै गत आ.व.मा (०७३/०७४) को योजनालाई परिषदको निर्णय अनुसार यथाशिघ्र संचालन गर्ने निर्णय गरियो।

**प्रस्ताव न. ७.एकीकृत सम्पति कर(IPT), राजश्व संग सम्भाव्यता अध्ययन सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाको आन्तरिक श्रोत बढाउने उद्देश्यले एकीकृत सम्पत्ति कर निर्देशिका तयार तथा सो सम्बन्धी प्रशिक्षणको लागि परामर्श सेवा खरिद गर्ने निर्णय गरियो।

**प्रस्ताव न ८. मिर्चैया न.पा. को लागि आवश्यक निर्देशिका र मापदण्ड सम्बन्धमा ।**

## निर्णय

मिर्चैया नगरपालिकालाई आबश्यक पर्ने निर्देशिका तथा मापदण्ड परामर्स सेवाबाट खरिद गर्ने निर्णय गरियो ।